आज मिति २०७६ चैत्र २८ गते शुक्रबारका दिन विहान ठिक ८ बजे सुन्दरहरैंचा नगरकार्यपालिकाको कार्यालयमा नगर प्रमुख श्री शिवप्रसाद ढकालज्यूको अध्यक्षतामा देहाय बमोजिमका महानुभावहरुको उपस्थितिमा नगरस्तरीय विपद् व्यवस्थापन विषेश समितिको बैठक बस्यो ।

| सि.नं. | संस्थाको नाम/पद | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | सुन्दरहरैंचा नगरपालिका/ नगर प्रमुख | बैठक अध्यक्ष | श्री शिवप्रसाद ढकाल | |
| २ | सुन्दरहरैंचा नगरपालिका/ उप-प्रमुख | सदस्य | श्री धनमाया तामाङ | |
| ३ | ई.प्र.का. बेलबारी/प्र.नि. | सदस्य | श्री गुणराज बुढाथोकी | |
| ४ | सशस्त्र प्रहरी बल, सलकपुर/श.प्र.नि. | सदस्य | श्री बिदुर भट्टराई | |
| ५ | नेपाली कांग्रेस/जिल्ला कोषाध्यक्ष | सदस्य | श्री गोपालबहादुर थापा | |
| ६ | नेपाल कम्यूनिष्ट पार्टी/नगर अध्यक्ष | सदस्य | श्री केदारप्रसाद गुरागाई | |
| ७ | कोशीहरैचा उ.बा.संघ/अध्यक्ष | सदस्य | श्री नवराज चापागाई | |
| ८ | सुन्दरदुलारी उ.बा.संघ/अध्यक्ष | सदस्य | श्री किशोर कार्की | |
| ९ | उद्योगी | सदस्य | श्री भोलेश्वर दुलाल | |
| १० | नगरक्षेत्र भित्र रहेका सम्पूर्ण सहकारीको तर्फबाट प्रतिनिधि | सदस्य | श्री टिका कट्टेल | |
| ११ | सुन्दरहरैंचा नगरपालिका/प्र.प्र.अ. | सदस्य | श्री दामोदर चापागाई | |
| | | आमन्त्रीत | | |
| १२ | सुन्दरहरैंचा नगरपालिका | लेखा अधिकृत | श्री शेखर ढकाल | |
| १३ | सुन्दरहरैंचा नगरपालिका | नायब सुब्बा | श्री रोहित निरौला | |
| १४ | सुन्दरहरैंचा नगरपालिका | क.अ. | श्री निरज न्यौपाने | |
| १५ | सुन्दरहरैंचा नगरपालिका | क.अ. | श्री बाबुराम भट्टराई | |
| १६ | सुन्दहरैंचा नगरपालिका | कार्यालय सहायक | श्री दिपक बजगाई | |
| १७ | सुन्दरहरैंचा नपा | ना.सु. | श्री तिर्थराज घिमिरे | |

**प्रस्तावहरु :**

१. थप राहात सामाग्री सम्बन्धमा ।

२. नगद तथा जिन्सी सहयोग आम्दानी सम्बन्धमा ।

३. धन्यवाद् ज्ञापन तथा निरन्तर राहात संकलन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा नोबेल कोरोना भाईरसका कारणले भएको लकडाउनको समयमा अति विपन्न ज्यालामजदुरी गरी खाने घरपरिवारका लागि राहात वितरण गर्न नगरपालिकाको अनुरोधमा विभिन्न संघ/संस्था, बुद्धिजिवी, समाजसेवीबाट प्राप्त तथा खरिद समितिबाट खरिद भएको राहात खाद्यान्य यस अघि प्रति वडा ४०० सेटका दरले पठाईएकोमा उक्त राहात अपुग भई वडा कार्यालयबाट माग भर्य आएको हुदाँ दोस्रो चरणमा राहात वितरण गर्नका लागि पहिलो चरणमा राहात वितरण गरिएको भरपाई/नामावली वडा कार्यालयबाट प्राप्त भए पछि मात्र तपशिल बमोजिमको राहात सामाग्री पठाउने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | थप राहात सामाग्री | कैफियत |
|---|---|---|---|
| १. | १ | ४७५ सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| २. | २ | ३५० सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ३. | ३ | ४२५ सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ४. | ४ | ४५० सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ५. | ५ | ३२५ सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ६. | ६ | ४२५ सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ७. | ७ | ४२५ सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ८. | ८ | ३०० सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ९. | ९ | ४०० सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| १०. | १० | ४५० सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| ११. | ११ | ३७५ सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |
| १२. | १२ | ३२५ सेट | चामल-२० केजी, दाल-१ केजी र नुन-१ केजी |

**निर्णय नं. २ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा संघ/संस्था तथा व्यक्तिहरुबाट प्राप्त राहात सामाग्री, नगद सहयोग रकम र खरिद समितिको मिति २०७६ चैत्र २५ गते बसेको बैठकबाट दररेट अनुमोदन सहित भएको निर्णयबाट खरिद भई प्राप्त भएको राहात सामाग्री नगरस्तरीय सर्वपक्षीय विपद् व्यवस्थापन समितिमा आम्दानी बाधीं सहर्ष स्वीकार सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर क्षेत्र भित्र बसोबास गर्ने ज्यालामजदुरी गरी खाने अति विपन्न, अशक्त, अपांग र असहाय घर परिवारका लागि एकद्वार प्रणाली मार्फत वितरण गर्न नगरपालिकाको अनुरोधमा विभिन्न संघ/संस्था, सहकारी, देश तथा विदेशमा रहनु हुने नगरवासीहरु, समाजसेवी, बुद्धिजिवी र समाजका अगुवाहरुबाट नगद तथा जिन्सी प्रदान गरी नगरलाई राहात वितरण गर्न सहयोग पुर्याउनु हुने सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्ने साथै लकडाउनको अवधिभर राहात रकम र सामाग्री वितरण तथा संकलन निरन्तर भई रहने व्यहोरा जानकारी गराउने समेत निर्णय गरियो ।